**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratEEKdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर १९ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 December 04 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९६

## सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकको अभाव
## प्रावि र निमाविका शिक्षकहरूले १२ कक्षासम्म पढाउँदै

प्रस, पोखरिया, १८ मङ्सिर/

पर्सा जिल्लाका ग्रामीण क्षेत्रका पालिकाहरूका मावि तहका विद्यालयहरूमा विषयगत शिक्षकहरूको अभावले अध्यापनमा समस्या देखिएको छ ।

पालिकाहरूले आआफ्नो क्षेत्रका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार विषयगत शिक्षकहरूको व्यवस्थापन गर्ने कुरा गर्दै आए पनि अहिले शैक्षिक सत्र २०८१ को आठ महीना बित्न लागिसक्दा पनि विषयगत शिक्षकहरूको व्यवस्थापन नहुँदा थुप्रै विद्यालयको पठनपाठन प्रभावित भएको छ ।

विषयगत शिक्षकहरूको अभाव रहेका माविहरूमा प्रावि, निमाविका शिक्षकहरूले कक्षा ९–१० का साथै कक्षा ११ र १२ का विद्यार्थीहरूलाई अध्यापन गराउने गरेकाले त्यस्ता विद्यालयहरूको नतीजा कमजोर देखिएको छ। खासगरी नेपाली, अङ्ग्रेजी, सामाजिक शिक्षा, लेखा, जनसङ्ख्या तथा वातावरण विषयका शिक्षकहरूको अभाव देखिएको छ र यी विषयहरूमा विद्यार्थीहरू कमजोर भएका धोबिनी गाउँपालिका–१ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भिखमपुरका प्रधानाध्यापक विनय कुर्मी बताउँछन् । उनले आफ्नो विद्यालयमा मावि तहका नेपाली, विज्ञान, सामाजिक विषयका शिक्षक नभएका र प्रावि, निमावि तहका शिक्षकहरूबाट सो विषय विद्यार्थीहरूलाई अध्यापन गराउनुपरेको बताए। उनले कक्षा ९ र १० मा आफ्नो विद्यालयमा विषयगत शिक्षक नभएकाले एसइईमा सोही विषयमा कम अङ्क ल्याउने गरेको बताए । उनले पालिकाले पनि ध्यान नदिएको र सङ्घ सरकारले पनि नपठाएको अवस्थामा विद्यालयहरूबाट प्रतिफल मात्र खोजी गर्ने कार्य भइरहेकामा दुःखेसो पोखे ।

नेरामावि भिखमपुर सरहको अवस्था विन्ध्यवासिनी गापा–३ मा रहेका रामस्वरूप रामप्रीत चौरसिया मावि झौवा र राधाकृष्ण चौरसिया मावि बहुअर्वाभाठामा छ । झौवामा नेपाली, सामाजिक विषयका शिक्षक छैनन् भने बहुअर्वाभाठामा नेपाली र अङ्ग्रेजी विषयका शिक्षकको अभाव छ । यो पालिकाका प्रमुख पूर्वप्रधानाध्यापक हुन्। शिक्षण पेशाबाट गापा प्रमुख भएका प्रमोद तिवारीले आफ्नो पालिकाका सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकहरूको व्यवस्थापन गर्न सकेका छैनन्।


मुर्लीस्थित जनता मावि । तस्वीरः प्रतीक

विषयगत शिक्षकको समस्या पर्सा जिल्लाका १४ वटै पालिकामा छ । वीरगंज महानगरपालिका–१६ नगवास्थित विद्यालयमा भर्खरै विषयगत शिक्षक अभाव भन्दै विद्यार्थीहरूले प्रदर्शन गरेका थिए । विद्यार्थीहरूको प्रदर्शनपछि निजी स्रोतमा शिक्षक नियुक्त गरिएको थियो। अन्य पालिकाहरूमा पनि विद्यार्थीहरूले बेलाबखत विषयगत शिक्षकहरूको माग गर्दै आन्दोलन गर्दै आएका छन् ।

## वीरगंजको मुख्य सडक फराकिलो हुने विषयमा फैसला आएन
## सरकारसँग सडकको विवरण माग्ने सर्वोच्चको आदेश

प्रस, वीरगंज, १७ मङ्सिर/

वीरगंजको मुख्य सडक फराकिलो गर्ने विषयको मुद्दा फेरि पनि लम्बिएको छ । सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले मङ्गलवार यो मुद्दामा सडकको पछिल्लो अवस्थाका बारेमा प्रगति विवरण नेपाल सरकारसँग माग्ने आदेश गरेको छ । यस अघि तत्कालीन मन्त्रिपरिषद्ले रक्सौल–पथलैयासँगै श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषित गरेको भन्दै मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि पेश गरेपछि सोही प्रमाणाको आधारमा सर्वोच्चका न्यायाधीशद्वय कुमार चूडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मन्त्रिपरिषद्को निर्णय झिकाउने आदेश गरेको थियो ।

तत्कालीन मन्त्री विमलेन्द्र निधिले श्रीसिया सुक्खा बन्दरगाह–पथलैया सडकखण्डलाई त्रिभुवन राजपथ घोषणा गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेकामा स्वीकृति भएको तर सो राजपत्रमा भने प्रकाशित हुन सकेको थिएन ।

व्यापारिक मार्ग विस्तार आयोजना कार्यालय, पथलैयाले पाँच वर्ष अघि परवानीपुर चोकसम्म चार लेन र सो चोकदेखि पथलैयासम्म ६ लेनको सडक निर्माण कार्य सम्पन्न गरिसकेको छ । यसैगरी, परवानीपुरदेखि गण्डकसम्म चार लेनको सडक निर्माण पनि सम्पन्न भइसकेको छ । तर गण्डकदेखि



गण्डकदेखि मितेरी पुलसम्मको मुख्य सडकको केन्द्रबिन्दुबाट दायाँबायाँ २५/२५ मिटर सडकको क्षेत्रफलभित्र बनेका संरचना हटाउन सूचना जारी गरेपछि २०७५ मङ्सिर २१ गते, २०७६ असोज ७ गते, २०७६ कात्तिक १७ गते तथा २०७६ पुस १९ गते दायर गरेको रिटसहितको मुद्दामा आज पेसी चढेको र सुनवाइपछि सडकको पछिल्लो अवस्थाका बारेमा प्रगति विवरण नेपाल सरकारसँग माग्ने आदेश भएको छ ।

व्यापारिक मार्ग विस्तार आयोजना कार्यालय पथलैयाले सुक्खा बन्दरगाहदेखि मितेरीपुलसम्मको करीब १० किलोमिटर सडक भने अहिलेसम्म अदालतमा विचाराधीन मुद्दाका कारण अगाडि बढ्न सकेको छैन। गण्डकदेखि मितेरीपुलसम्म करीब ११ सय घरधुरी छन् ।

पछिल्लोपटक महानगरपालिकाले यो सडकखण्डमा रहेका घरहरूको नक्शापास प्रमाण माग गर्दा डेढ सयजनाले मात्र पेश गरेका थिए । पेश गरिएका नक्शाहरूमा सडक विभागले सडक विस्तार गर्दा २५/२५ मिटर दायाँबायाँमा घर बनाएकाहरूले सडकलाई जग्गा खाली गर्ने शर्त मानेर नक्शापास गरेको देखिएको छ ।

## गढीमाई मेलामा बिदा दिने लहड

प्रस, वीरगंज, १७ मङ्सिर/

पशुबलिका लागि विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेलाका लागि प्रदेश र पालिकाहरूमा बिदा दिने लहड शुरू भएको छ। मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालयका प्रदेश सचिव उद्धवप्रसाद रिजालले मङ्गलवार सूचना जारी गर्दै गढीमाई मेलाको मुख्य बलिका दिन मङ्सिर २३ गते प्रदेशमा सार्वजनिक बिदा घोषणा गरेका छन् ।

गढीमाई मेलास्थल बारा जिल्ला महागढीमाई नपाले भने मङ्सिर २१ देखि २५ गतेसम्म पालिकास्तरमा सार्वजनिक बिदा घोषणा गरिसकेको छ ।

यही मङ्सिर २ गते १६ वटै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको भेलाले गढीमाई मेलालाई लक्षित गरेर आआफ्नो पालिकामा बिदा दिने निर्णय गरे अनुसार अहिले बाराका १५ वटा पालिकाले चार दिने बिदा घोषणा गरेका छन् । मङ्सिर २१ गते शुक्रवारका दिन विवाहपञ्चमी परेको छ भने भोलिपल्ट २२ गते शनिवार र त्यसपछि २३ गते राँगा अनि २४ गते बोकालगायत पशुपक्षीको बलि दिने मिति तोकिएको छ । विवाहपञ्चमीका दिन शुक्रवार मधेस प्रदेश सरकारले बिदा दिँदै आएको छ ।

## वीरगंजमा यौनकर्मी बढेसँगै कन्डमको अभाव

प्रस, परवानीपुर, १८ मङ्सिर/

प्रत्येक वर्ष १ डिसेम्बरका दिन विश्व एड्स दिवस मनाइन्छ। अस्ति आइतवार नेपालका विभिन्न शहरसँगै आर्थिक नगरी वीरगंजमा विभिन्न सङ्घसंस्थाहरूले ३७औं विश्व एड्स दिवस मनाए। स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा यो दिवस मनाउने क्रममा क्वेयर समुदायसँग परिवार नियोजनका अस्थायी साधन कन्डमको चरम अभाव रहेको कुरा बाहिरिएको छ। क्वेयर समुदाय भन्नाले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई जनाउँछ ।

एचआइभी सङ्क्रमणबाट बच्नका लागि कन्डम प्रयोगमा जोड दिनुपर्ने स्वास्थ्य संस्थाहरूले जनचेतना जगाउने अभियान नै जारी राखेका छन् । तर राज्यले कन्डम आपूर्तिमा ध्यान नदिंदा सरोकारवालाहरूलाई समस्या भइरहेको देखिन्छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको क्षेत्र काम गर्ने वीरगंजको सहयात्री समाज नेपाल, पर्साका संयोजक सुरज लिम्बूले संस्थाबाट मात्रै दैनिक करीब डेढ हजार थान कन्डमको माग हुने गरेको बताएका छन्। उनले आपूर्ति अभावले अहिलेसम्म सो माग पूरा नभएको गुनासो गरे। उनले अहिलेसम्म दैनिक एक हजार कन्डम प्राप्त भएको र यसले माग धान्नै गाह्रो भइरहेको बताए । उनले क्वेयर समुदायमध्ये पर्साका ग्रामीण क्षेत्रमा बढी माग रहेको बताए। कहिलेकाहीं क्वेयर समुदायले बोरा भरेर कन्डम लैजाने गरेको लिम्बूले बताए ।

गाउँघरमा हुने बिहेवारीलगायतका कार्यक्रममा तेस्रोलिङ्गी सहभागी हुने सात सहेलियाको नाँच पर्सामा प्रख्यात रहेको र यस्तो कार्यक्रमका लागि उनीहरूबाट कन्डमको माग बढी हुने गरेको लिम्बू बताउँछन् । सहयात्री समाजले कन्डम निश्शुल्क उपलब्ध गराउने हुँदा क्वेयर समुदायबाहेक आवश्यक पर्नेहरूले पनि लैजाने गरेको लिम्बूले बताए । उनले यसबारेमा सरोकारवाला निकायमा कन्डमको सहज उपलब्धताका लागि आग्रह गरिएको तर अहिलेसम्म प्राप्त नभएको बताए । निश्शुल्क पाइने कन्डमको अभावसँगै बजारमा खरीद हुने कन्डमको पनि अभाव भएको पाइएको छ। घण्टाघरका एकजना औषधिपसलेले कन्डमको अभाव रहेको बताए। उनले विदेशी कन्डमको माग आफ्नो पसलमा बढी हुने गरेको र हाल कन्डमको अभाव भएको बताए ।

**क्वेयर समुदायका सय बढी यौनकर्मी**

सहयात्री समाजमा आबद्ध क्वेयर समुदायका सयजनाभन्दा बढी यौनकर्मी वीरगंजमा मात्र सक्रिय छन् । अन्य पेशामा उनीहरूले रोजगार नपाउने गरेकाले उनीहरूको मुख्य पेशा नै यौनकर्म हो । अन्य पेशामा यो समुदायलाई अत्यधिक विभेद, हेला, अपहेलना गरिने हुँदा रोजगारबाट वञ्चित रहँदा पेट पाल्नका लागि उनीहरूसँग यौनकार्यमा संलग्न हुनुको विकल्प नभएको सहयात्री समाजका लिम्बू बताउँछन । शहरी र ग्रामीण क्षेत्रमा यौनकर्मीहरूको बढ्दो सङ्ख्याले कन्डमको माग बढेर अभाव भएको उनको बुझाइ छ ।

**१,४४३ जना एचआइभी सङ्क्रमित**

सहयात्री समाज वीरगंजमा करीब पाँच सयजना क्वेयर समुदायका व्यक्तिहरू खुलेर आबद्ध छन् भने केही नखुलेरसमेत ग्रामीण भेगमा बस्छन् । पाँच सयमध्ये ५० जना एचआइभी सङ्क्रमित रहेका छन्। असुरक्षित यौन सम्पर्कका कारण उनीहरू एचआइभीको सङ्क्रमणमा परेका हुन्। नारायणी अस्पतालका डा उदयनारायण सिंहले प्रत्येक महीना एचआइभी सङ्क्रमितको सङ्ख्यामा वृद्धि हुने गरेको बताए। उनले सुरक्षित यौन सम्पर्कका लागि कन्डमको प्रयोग अति आवश्यक रहेको बताए । पर्सा, बारा, रौतहट, सर्लाहीलगायतका जिल्लाबाट एचआइभी सङ्क्रमितहरू उपचारका लागि नारायणी अस्पतालमा आउने

(बाँकी अन्तिम पातामा)

## किर्ते गरी रकम निकासा गरेका प्रधानाध्यापक पक्राउ

प्रस, रौतहट, १८ मङ्सिर/

आधुनिक प्राथमिक विद्यालय, राजपैडाका प्रधानाध्यापक किशोरी चौधरीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको छ ।

चन्द्रपुर नगरपालिकाको पत्र किर्ते गरी रकम हिनामिना गरेका प्रअ चौधरीमाथि लागेको आरोपमा प्रहरीले आज पक्राउ गरी जिल्ला अदालत रौतहटबाट म्याद थप गराएको छ ।

चन्द्रपुर नगरपालिकाको कार्यालयले विद्यालय भवन निर्माणका लागि गत आवको विशेष अनुदानबाट आधुनिक प्राथमिक विद्यालय, राजपैडाको खातामा ४७ लाख ७५ हजार पठाएको थियो । सो विद्यालय भवन निर्माणको लागि ब्रह्मबाबा कन्स्ट्रक्शनसँग ५३ लाख ९८ हजारमा सम्झौता भएको थियो ।

विद्यालयमा पठाएको सो रकम कार्यालयको पत्रविना भुक्तानी नगर्नु भनेर चपुर नपाले विद्यालय र बैंकमा भुक्तानी रोक्कापत्र पठाएको थियो । चार कोठे विद्यालय भवन निर्माणको क्रममा ठेकेदारले काम अनुसारको भुक्तानी माग दाबी गरेपछि चपुर नपाले प्राविधिकबाट नापजाँच गराएर रनिङ बिलबापत हुन आएको २० लाख १० हजार भुक्तानीका लागि विद्यालयमा फुकुवापत्र पठाएको थियो । सो पत्रका आधारमा बैंकले ठेकेदार कम्पनीलाई रकम भुक्तानी गरेको थियो ।

तर यसबीचमा विद्यालयको खातामा भवन निर्माणबापतको बाँकी रकम भने प्रअ चौधरीले नपाको अर्को किर्ते पत्र तयार गरेर भुक्तानी बुझेका थिए । चौधरीले भवन निर्माणबापतको २७ हजार ६५ हजार किर्ते गरेको देखिएपछि उनलाई प्रहरीले आज पक्राउ गरी अदालतबाट म्याद थप गरेर अनुसन्धान शुरू गरेको छ ।

रौतहट प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपककुमार रायले लिखत किर्ते सम्बन्धमा प्रअ चौधरीलाई पक्राउ गरी कारबाही अगाडि बढाएको बताए ।

## विचारसार र सूक्तिहरू

कसैले जतिसुकै दुर्व्यवहार गरोस्, तिमी तल्लो स्तरमा न ओर्ल। शान्त बस, शक्ति प्राप्त गर र त्यहाँबाट हिंडिदेऊ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# वनविनाश

नेपालको वन क्षेत्र देशको पर्यावरणीय, आर्थिक र सामाजिक सन्तुलनका लागि अमूल्य सम्पदा हो । 'हरियो वन, नेपालको धन' भन्ने मान्यता नै छ । तर हरेक वर्ष देशभर वनविनाशको दर बढिरहेको तथ्यले हाम्रो सम्पदा, वन व्यवस्थापनप्रति गम्भीर प्रश्न खडा गरेको छ। सामुदायिक वनहरूमा उपभोक्ता समितिको सक्रियताले केही हदसम्म सफलता हासिल भएपनि, राष्ट्रिय वनको संरक्षणमा भने दुरुपयोग, लापरवाही तथा वन कर्मचारीहरूको कमजोर भूमिका देखिएको छ। नेपालमा कुल भूभागको ४० प्रतिशतभन्दा बढी भाग वन क्षेत्रले ढाकेको छ । ढाक्न त ढाकेको छ तर भित्रभित्रै खोक्रो बनाइसकेको छ। वनभित्र रहेका प्राकृतिक रूख, बिरुवा, वनस्पतिहरू तस्करले रित्याइसके। हरेक वर्ष हजारौं हेक्टर वन क्षेत्र विनाश भइरहेको छ । विशेषत: डिभिजन वन कार्यालयको प्रत्यक्ष मातहतमा पर्ने राष्ट्रिय वन क्षेत्र विनाश र चोरी तस्करीको केन्द्रबिन्दु बनेको छ।

पछिल्लो समय तराईका वन क्षेत्रदेखि चुरे क्षेत्रसम्म काठको चोरी तस्करी तीव्र छ। सर्लाही, बारा र पर्साका वन क्षेत्र तस्करको प्रमुख गन्तव्य बनेको छ । गत वर्ष मात्रै पर्सा राष्ट्रिय निकुञ्जछेउका वन क्षेत्रमा ५०० वटाभन्दा बढी रूख काटिएको तथ्य सार्वजनिक भयो। यस वर्ष पनि यहाँ वनविनाश नियन्त्रणमा आएको छैन, डिभिजन वनका कर्मचारीहरूको मिलेमतोमा आसपासका चिरान मिलहरूमा राष्ट्रिय वनका काठ अवैधरूपमा चिरान भइरहेको कुरा आइरहेका छन् । वनविनाश गर्ने र चोरी कटानी गरिएका रूख ठुटा पुरानो देखाउनका लागि गर्मीयाममा डढेलो लगाउने कार्य कर्मचारीकै मिलेमतोमा नियोजितरूपमा हुने गरेका छन्। २०८० सालको गर्मीयाममा नेपालभर एक हजारभन्दा बढी आगलागीका घटना भए, जसले ठूलो मात्रामा वनविनाश गऱ्यो । राष्ट्रिय वन क्षेत्रमा विनाश बढ्नुमा वन कर्मचारीहरूको भूमिका जिम्मेवार छ। कतिपय घटनामा उनीहरूको प्रत्यक्ष संलग्नता नै प्रमाणित भइसकेको छ । २०७९ सालमा धनुषाको एक काण्डमा वन कर्मचारीको मिलेमतोमा तस्करले सयौं काठ भारततर्फ निकासी गरेको प्रमाणित भयो । उपभोक्ता समितिलाई हस्तान्तरित अधिकांश वन क्षेत्रमा भने संरक्षणका सकारात्मक सङ्केतहरू देखिएका छन् ।

सामुदायिक वन उपभोक्ता समितिहरूले उपभोक्ताको सक्रियता, निगरानी र दिगो योजनाका माध्यमबाट वन क्षेत्रको संरक्षणमा राम्रो परिणाम हासिल गरेका छन् । धनकुटा र इलामका सामुदायिक वनहरू यसका उत्कृष्ट उदाहरण हुन् । त्यहाँ स्थानीयवासीले आफ्नै प्रयासले उदाहरणीयरूपमा वन क्षेत्रको संरक्षण गरेर देखाएका छन्। आज राष्ट्रियरूपमा उक्त क्षेत्रका सामुदायिक वनहरू नमूना बनेका छन् । सामुदायिक वनहरूले पर्यावरणीय सन्तुलन कायम राख्दै आर्थिक लाभसमेत लिएका छन् । संरक्षणमा समुदाय एक भएर लागे हुने रहेछ भन्ने उदाहरणहरू प्रशस्तै छन् । राष्ट्रिय वन क्षेत्रमा वन कर्मचारीहरूको उपस्थिति भएपनि उनीहरूले प्रभावकारीरूपमा जिम्मेवारी निर्वाह गरे नगरेको अनुगमन र निगरानी गर्ने कोही छैन। अर्कोतर्फ वन कर्मचारीले ठूलै मेहनतका साथ तस्करलाई पक्राउ गरे पनि कानूनी कारबाहीमा प्रभावकारिता देखिंदैन। धेरैजसो घटनामा दोषी उम्कने गरेका छन् । यसले कर्तव्यनिष्ठ, इमानदार वनरक्षक तथा कर्मचारीहरूको पनि मनोबल खसेको छ। वन तस्करीका काण्डमा नेताहरूको संलग्नताले संरक्षणमा झनै चुनौती थपेको छ ।

# नेपालमा विकास ?

स्वतन्त्र विचार



विनोद गुप्ता

**सत्ताको शक्ति र पहुँचको बलमा योजना बलजफ्ती बनाउन लगाउने, आकर्षक देखाउन न्यून खर्चमा बन्न सक्नेगरी प्रस्तुत गर्ने तर काम शुरू भएपछि बजेट नपुगेर काम रोकिने अनि लागत बढ्दै जाने परिपाटीमा नेता तथा कर्मचारीतन्त्र नै अभ्यस्त भइसकेकाले नेपालले आजको दिन देख्नु परेको हो र भनेर ठोकुवा गर्दा अन्यथा नहोला ?**

गत अङ्कमा कान्तिपुर कनक्लेभको बारेमा लेख्दा आर्थिक पक्षतर्फ उद्योगपतिमा विनोद चौधरीले निजी क्षेत्रको असन्तुष्टि पोख्नुभएको थियो भने पूर्व गभर्नर एवं अर्थमन्त्री युवराज खतिवडाले राजनीतिक परिवर्तनलाई सघाउने गरी आर्थिक नीति नियम बन्न नसकेकोले अर्थतन्त्र आजको अवस्थामा पुगेको उल्लेख गर्नुभएको थियो। जहाँसम्ममा विनोद चौधरीको भनाइ छ, त्यसबारे नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्षले अन्तर्राष्ट्रिय मजदूर सङ्गठनको सहयोगमा नेपालको उद्योगधन्दा उकालो लागेको भनाइ सार्वजनिक भएको थियो भने गोकर्ण अवस्थीको नेपालको निजी क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ८६ प्रतिशत र रोजगारमा ९६ प्रतिशत योगदान गरेको भनाइ सार्वजनिक गर्नुभएको सन्दर्भमा अब निजी क्षेत्र कस्तो सुविधाको खोजीमा छ बुझ्न नसकिने भएको छ। युवराज खतिवडाको भनाइमा पनि आंशिक सत्यता त छ तर गणतन्त्र स्थापनापश्चात् नेपाल राष्ट्र बैंकको गभर्नर र अर्थमन्त्रीसमेत रहिसक्नुभएका उहाँले यसलाई किन अगाडि बढाउनुभएन भनेर प्रश्नचिह्न खडा हुन्छ । के वास्तवमा नेपालमा यही सब कारणले विकास नभएको हो त ? एकपटक तथ्याङ्क हेरौं।

| | २०६४/६५ | २०८०/८१ |
|---|---|---|
| १) कुल गार्हस्थ्य उत्पादन | आठ खर्ब १५ अर्ब | ५७ खर्ब सात अर्ब |
| २) प्रतिव्यक्ति आय | ४९१ युएसडी | १,४५६ युएसडी |
| ३) गरीबी | ३०.८ प्रतिशत | २०.२ प्रतिशत |
| ४) मानव विकास सूचकाङ्क | ०.५०५ | ०.६०२ |
| ५) विद्युत्को पहुँच | ५६.१ प्रतिशत | ९८ प्रतिशत |
| ६) खानेपानी | ४५ प्रतिशत | ९७ प्रतिशत |
| ७) कालोपत्र सडक | ५,४०० किमी | १८,२४१ किमी |
| ८) औसत आयु | ६०.७ वर्ष | ७१.३ वर्ष |
| ९) शिशु मृत्युदर | ४८/प्रतिहजार | २१/प्रतिहजार |
| १०) पाँच वर्षमुनिका शिशु मृत्युदर | ६१/प्रतिलाख | ३३/प्रतिलाख |
| ११) मातृ मृत्युदर | २८१/प्रतिलाख | १५१/प्रतिलाख |
| १२) वाणिज्य बैंकका शाखा | ५९१ | ५,०४२ |

विश्वविद्यालय, मेडिकल कलेज, इन्जिनीयरिङ कलेज, वायुसेवा, अस्पताल सबैको सङ्ख्यामा उल्लेख्य वृद्धि भएकै छ । तापनि जनताको आक्रोश, कुण्ठा निराशायुक्त अभिव्यक्तिबाट १६ वर्षे गणतन्त्रबाट जनता सन्तुष्ट नभएको आभास मिल्छ। राजनीतिमा चमत्कार देखाउन सक्नेहरू विरलै हुन्छन्। तथापि १६ वर्षमा प्राप्त उल्लिखित उपलब्धिका बावजूद किन जनता सन्तुष्ट छैन भन्ने प्रश्नको उत्तर त खोज्नैपर्ने हुन्छ।

सन् २०१४/१५ मा कुल बजेटको ७६ दशमलव १० प्रतिशत पूँजीगत खर्च रहेकोमा यो घट्दै गएर २०२३/२४ मा ६३ दशमलव ५० प्रतिशत पुगेको छ र पूँजीगत शीर्षकको यो खर्चलाई चौमासिकको आधारमा अध्ययन गर्दा पहिलो चौमासिकमा औसत खर्च ८ देखि ९ प्रतिशत, दोस्रोमा १५ देखि १७, तेस्रोमा २२ देखि २४ र चौथोमा ५४ देखि ५५ प्रतिशतसम्म हुने गरेको पाइन्छ । अब चौथो चौमासिकमा हुने खर्चको गुणस्तरीयता कस्तो हुन्छ, हामी सबैलाई थाहा नै छ। त्यसैगरी, राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था हेर्दा र हालसालै प्रधानमन्त्रीको अध्यक्षतामा भएको आयोजना प्रमुखहरूको छलफलबाट अधिकांश ढिलाइ बजेटको कमीबाट हुने कुरा सार्वजनिक भएको छ। बजेट पास भइसकेपछि रकम नपुग हुनुबाट नै बजेट Inflated भएको बुझ्न सकिन्छ। यस्तो अवस्थामा पहुँचवालाहरूले बजेट पाउने र अन्यले कुर्नुपर्ने हुन्छ । अर्थशास्त्रको सामान्य सिद्धान्त अनुसार पूर्वाधार आयोजनाहरूले ढिलो प्रतिफल दिने भएपनि आर्थिक, सामाजिक रूपान्तरणमा Multiplier Effect दिन्छन्। तर जब आयोजना समयमा पूरा हुँदैन, तब यसको लागत बढ्ने भएकोले प्रतिफलका साथै आर्थिक, सामाजिक रूपान्तरणको गति पनि नियन्त्रित हुन जान्छ । नेपालका प्राय: सबै योजना विलम्बका कारण यही श्रेणीमा पर्न गएर देशले बढ्दो ऋणको भार बोक्नुपरेको छ।

बढ्दो बेरोजगारीको कारण निष्क्रिय जनसङ्ख्या ३४ प्रतिशत रहेको छ। श्रमको न्यून मूल्यका कारण युवाहरू विदेशिने क्रम बढ्दो छ। हाल नेपालमा न्यूनतम ज्याला १७,३०० मात्र रहेको अवस्थामा जेनरेशन जेड जसले अधिकांश समय नेटमा बिताउँछन् र देशमा यिनीहरूको जनसङ्ख्या ३४ दशमलव पाँच प्रतिशत छ । उनीहरू १७,३०० मा जीवनयापन नहुने देखेर वैदेशिक रोजगारमा जान बाध्य छन्। ज्याला योभन्दा बढी दिन नसकिने अडानमा रहेको वर्ग भने स्थापित क्षमताको सरदर ३८ प्रतिशत क्षमतामा उद्योग सञ्चालन गरेर बाँचिरहेको छ।

सन् २००० देखि २००१ मा कुल गार्हस्थ्य उत्पादनमा नौ दशमलव ४६ प्रतिशत योगदान दिएको उद्योग क्षेत्र अहिले चार प्रतिशतमा झरेको छ । युवाहरू विदेशिने क्रमसँगै कृषि कर्म घट्दै गएको छ र पारिवारिक जीवनचक्रको सिद्धान्त अनुसार आफ्नो कमाइबाट आफूमाथि सबैभन्दा धेरै खर्च गर्ने वर्गको बहिर्गमनले आन्तरिक अर्थतन्त्र सङ्कुचित भएको छ। यसलाई उँभो लगाउने सबै प्रयास वास्तविकतामा ध्यान नदिएको कारण सफल हुन सकेको छैन र बजारमा आर्थिक मन्दी कायम नै छ। हो, यसबाट विप्रेषण बढेको छ तर आयात बढ्न सकेको छैन, जसको मूलभूत कारण युवा पलायन नै हो।

विकास भएको छ भन्नका लागि यतिधेरै तथ्याङ्क हुँदाहुँदै जनता किन आक्रोशित छ त भन्ने कुराको उत्तर २६ जुलाईको द काठमाडौं पोस्टमा प्रकाशित हेमराज रेग्मीको आलेख अनुसार २०७८ को जनगणना अनुसार प्रदेशगतरूपमा

| प्रदेश | सम्पन्न वर्ग | गरीब |
|---|---|---|
| कर्णाली | चार प्रतिशत | ५१.३ प्रतिशत |
| सुदूरपश्चिम | आठ प्रतिशत | ३३.९ प्रतिशत |
| लुम्बिनी | २६ प्रतिशत | १२ प्रतिशत |
| गण्डकी | १६ प्रतिशत | १७ प्रतिशत |
| कोशी | १७ प्रतिशत | २० प्रतिशत |
| मधेस | ८.७८ प्रतिशत | २४ प्रतिशत |
| बाग्मती | ३९ प्रतिशत | १० प्रतिशत |

जनताको सम्पत्ति माथिको तालिका अनुसार छ।

त्यस्तै, बैंकको सङ्ख्या र शाखामा उल्लेख्य वृद्धि भएपनि उत्पादनशील क्षेत्रको लगानी आठ दशमलल ७७ प्रतिशत मात्रै भएको, नयाँ उद्यमीहरू एक प्रतिशतले मात्र बढेको र बैंकले कुल जनसङ्ख्याको ६७ प्रतिशतलाई मात्र सेवा दिन सकेको अवस्था रहेको छ। सहकारी क्षेत्रको स्केन्डलले पनि ठूलो धनराशिको दुरुपयोग भएको छ । समग्रमा भन्दा नेपालमा पञ्चायतकालजस्तै प्रजातन्त्र एवं गणतन्त्रमा समेत 'विनियोजन' शब्दको दुरुपयोग भएको पाइन्छ । सत्ताको शक्ति र पहुँचको बलमा योजना बलजफ्ती बनाउन लगाउने, आकर्षक देखाउन न्यून खर्चमा बन्न सक्नेगरी प्रस्तुत गर्ने तर काम शुरू भएपछि बजेट नपुगेर काम रोकिने अनि लागत बढ्दै जाने परिपाटीमा नेता तथा कर्मचारीतन्त्र नै अभ्यस्त भइसकेकाले नेपालले आजको दिन देख्नु परेको हो र भनेर ठोकुवा गर्दा अन्यथा नहोला ? त्यसैले प्रणालीले भन्दा हचुवाको भरमा देशमा योजना चलेसम्म यो अवस्था कायम रहन्छ नै।

# प्रविधिले दाइँ गर्ने परम्परा लोप हुँदै

धनुषा, १८ मङ्सिर/रासस

कृषिमा भित्रिएको आधुनिक प्रविधिले गर्दा गाउँघरमा दाइँ गर्ने परम्परा लोप हुँदै जान थालेको छ। केही वर्ष अघिसम्म



थ्रेसरबाट धान दाइँ गरिरहेको। तस्वीर: फाइल

गोरु र मान्छेकै सहारामा दाइँ हाल्दै आएका धनुषाका अधिकांश किसान पछिल्लो समय आधुनिक थ्रेसर मेशीन र ट्याक्टरका सहायताबाट धान चुट्न थालेपछि दाइँ परम्परा लोप हुन लागेको हो।

खेती किसानी पनि गर्दै आएका जिल्ला समन्वय समिति, धनुषाका पूर्वसभापति रामदेव यादवले पछिल्लो समय किसानले गोरु पाल्न छाडेपछि थ्रेसर र ट्याक्टरको सहायताले दाइँ गर्न थालिएको बताए । उनले भने, "एक दशक अघिसम्म खेतका फाँटमा खलो बनाइ धान, मसुरो, तोरी, गहुँलगायतका अन्न झाँटेर बोटमा बाँकी बसेका अन्न झार्नका लागि मियोका वरिपरि गोरु घुमाइ दाइँ गर्ने परम्परा थियो । तर पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको आधुनिक प्रविधिका कारण गाउँमा दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ।"

गाउँघरमा अर्मपर्म गरेर खेती लगाउने, खेती थन्काउने चलन हट्न थालेपछि ट्याक्टरले खेत जोत्न र थ्रेसरले धान चुट्न थालिएको क्षीरेश्वरनाथ नगरपालिका-४ का किसान जगदीश यादवले बताए। उनका अनुसार कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हराउँदै जान थालेको छ।

थ्रेसर मेशीन, ट्याक्टर हलोको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भएपनि मौलिक संस्कृति भने हराउन थालेको मिथिला नगरपालिका-६ ढल्केबरका ज्येष्ठ नागरिक रामवरण महतोको धारणा छ । उनी भन्छन्, "मेशीनको सहायताले दाइँ गर्दा त्यसले उडाएको भुसले वातावरणमा नकारात्मक प्रभाव पर्नुका साथै जनस्वास्थ्यमा समेत असर परेको छ। श्वासप्रश्वासको समस्या भएका बालबालिका र वृद्ध नागरिकलाई असर गरेको छ। आँखामा धूलो परेर समस्या सिर्जना हुने गरेको पनि छ। तर खेतमैं खलो बनाइ दाइँ गर्दा त्यस्तो समस्या हुँदैनथ्यो।"युवाशक्ति विदेश पलायन हुनु, गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएका खेतालाको ज्याला



गोरुले धान दाइँ गरिरहेको। तस्वीर: सौजन्य

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अदम्य हिम्मतले उठेकी जमुना

कमल खत्री
बेनी (म्याग्दी), १८ मङ्सिर/रासस

सङ्घर्षबाट सफलता मिल्छ भन्ने जीवन्त उदाहरण बनेकी छन्, ४४ वर्षीया जमुना आचार्य । पर्वतको जलजला गाउँपालिका–७ धाइरिङ मिलनचोकमा जन्मिएकी उनलाई हुर्काउने र चिनाउने कर्मभूमि भने म्याग्दी हो । सुन्दा अचम्म लाग्न सक्छ, आचार्यका शरीरका केही अङ्ग कृत्रिम र अपूरा छन्, तर उनले पारिवारिक जिम्मेवारी र सामाजिक क्षेत्रमा गरेका योगदान प्रेरणादायी र प्रशंसनीय छन् । तीन वर्षको उमेरमा हात मर्किएर समयमैं उचित उपचार नपाएर बायाँ हात गुमाएपछि आचार्य शारीरिक अपाङ्गता भएकी हुन् ।

क्यान्सर भएपछि गुमेको आचार्यको हातलाई सेती नदीमा बगाइएको थियो । विभिन्न समयमा शारीरिक रोग समस्याले शल्यक्रियामार्फत उपचार गराएकी आचार्यको कानको पछाडिपट्टि तीनवटा कृत्रिम हड्डी राखिएका छन् । हुर्कन नपाउँदै हात गुमाएकी आचार्यले जिन्दगीमा धेरै कुरा गुमाउनुपर्‍यो तर आफ्नै आँट, साहस र हिम्मतले उनी आफू आत्मनिर्भर मात्र बनिनन्, परिवारकै बलियो खम्बा र समाजका लागि प्रेरणा र नमूना बन्न सफल भएकी छन् ।

आमा चन्द्रावती र बुबा छवानन्द आचार्यका सात बहिनीमध्ये जेठी छोरी जमुनाको जीवनका उतारचढाव गरीबी, अभाव र समस्याका भारी बोकेका सङ्घर्षशील व्यक्तिका लागि प्रेरणा बन्ने गरेका छन् । हात गुमाएकी आचार्यले घरदेखि विद्यालय टाढा भएकाले आधारभूत तहको अध्ययन गर्न पनि मुश्किल परेको थियो । अपाङ्गता भएकी आचार्यलाई विद्यालय ल्याउन लैजान सहज नभएपछि आठ वर्षको उमेरदेखि मात्र उनले विद्यालयमा पठनपाठनका लागि पाइला टेकेकी थिइन् ।

तत्कालीन फर्से धाइरिङ प्राविमा आधारभूत तह र बेनीस्थित प्रकाश माविबाट एसएलसी उत्तीर्ण गरेकी आचार्यले म्याग्दी बहुमुखी क्याम्पसबाट बिएड र पृथ्वीनारायण क्याम्पसबाट समाजशास्त्रमा स्नातकोत्तर गरेकी छन् । विपन्न परिवारकी जेठी छोरी जमुनालाई शारीरिक अपाङ्गता भएपनि घरको आर्थिक अवस्था कमजोर रहेकाले आफ्नो खुट्टामा आफैं उभिनुपर्ने दबाब थियो । अध्ययन गर्दैगर्दा २०५७ सालदेखि गैरसरकारी संस्था सिबिआर बागलुङबाट अपाङ्गता भएका बालबालिकाको शैक्षिक कार्यक्रमबाट आचार्यले जागीर गरेर जीविकोपार्जनको आधार खोज्न शुरू गरेकी थिइन् ।

आचार्य परिवारमा बुबा दमको रोगी भएकाले आमाले तरकारीखेती गरेर जेनतेन पालनपोषण र शिक्षादीक्षा गर्दै आएकी थिइन् । "घरको आर्थिक अवस्था अति नै कमजोर थियो, आम्दानीको कुनै स्रोत थिएन, आमाले खेतबारीमा तरकारी रोपेर बेनीका घरघरमा पुर्‍याएर बिक्री गरी घरखर्च चलाउनुहुन्थ्यो, आमाको कमाइ घरपरिवारका लागि पर्याप्त थिएन, सरसापट पत्याउने समुदाय थिएन," आचार्य विगतलाई सम्झँदै भन्छिन् । समस्यासँग जुध्दै, अभावसँग




खेल्दै आचार्य परिवारको सङ्घर्ष चलिरहेकै थियो, त्यसैमा २०६० सालमा आमा र एक बहिनीलाई खोलाले बगायो। आचार्य परिवारमा शोक, भोक र विपत्ति एकैसाथ सामना गर्नुपर्ने विडम्बना आयो ।

दुई आमाबाट दुई भाइ, आठ बहिनीसहित १० सन्तानमध्ये जेठी छोरी भएकाले आचार्यलाई घरपरिवारको जिम्मेवारीको भारी बोक्नुपर्ने बाध्यता आयो । जान्ने नहुँदै हात गुमाएकी जमुनाले आफू परिपक्व नहुँदै आमा र बहिनी गुमाउनुपर्‍यो । आमा गुमाउँदा अभिभावकत्व मात्र गुमेन, परिवारको आम्दानीको स्रोत पनि गुम्यो । बिरामी बुबाको हेरचाह र भाइबहिनीको पढाइलेखाइ र हुर्काइको जिम्मेवारीको भारी जमुनाले नै बोक्नुपर्ने भयो । "दुःखमा नआत्तिनु, सुखमा नमात्तिनु" भन्ने कथन जस्तै जमुनाले आफ्नो जीवनलाई सङ्घर्षमय बनाएकै कारण आज समाजमा अग्रणी नारीको चिनारी बनाउन सफल भएकी छन् ।

गैरसरकारी सङ्घसंस्थामा नेतृत्वदायी भूमिकामा रहेर काम गरेकी आचार्यले जीवन बीमा कम्पनीमा अभिकर्ताको भूमिकाबाट शाखा र क्षेत्रीय कार्यालयको समेत नेतृत्वदायी भूमिका निर्वाह गरेकी छन् । अपाङ्गता भएर पनि आफ्नै सङ्घर्षबाट आफ्नै खुट्टामा उभिएकी आचार्यले घरपरिवारको घरखर्च आफैं जुटाएर समाजमा सकारात्मक सन्देश दिएकी छन् । "मेरो एक हात नभएपछि धेरैले दयाभावले हेर्ने गर्थे, परिस्थितिले पनि हामीलाई अति नै थिचेको थियो, यति ठूलो परिवारको खर्च जुटाउने कुनै आधार थिएन, अन्तमा मेरै सङ्घर्षले परिवारको भरथेग गर्न सकें," उनीले भन्छिन् ।

जीवनभर आफू बाँच्ने र परिवार पाल्ने सङ्घर्षमा समर्पित गरेकी आचार्य आत्मबल र समाजको प्रेरणा जीवनको असल मार्गदर्शन बन्ने गरेको अनुभूति बताउँछिन् । बायाँ हात नभए पनि आचार्य खेत रोप्ने, घाँस काट्नेलगायत घरायसी काम गर्न सक्छिन् । सामाजिक क्षेत्रमा उनी अन्य साधारण व्यक्तिभन्दा बढी सक्रिय छिन् । मीठो बोली, सरल व्यवहार र आँटिलो स्वभाव उनका विशेषता हुन् ।

"जीवनमा धेरै अप्ठेरा आउँदा रहेछन्, त्यस बेला निराश भईदोरहेछ, तर आफूलाई कमजोर बनाउन नहुने रहेछ, आफूभन्दा कमजोरसँग तुलना गर्दै आत्मबल बढाउँदै आफूलाई पुनः लयमा फर्काउन र हिंडाउन सकियो भने जतिसुकै अप्ठ्यारा पनि सजिलै पार गर्न सकिंदो रहेछ, मेरो जीवनको उतारचढावले यही सिकायो," आचार्यले भनिन् । उनले समाजमा महिलाहरू प्रत्यक्ष रोजगारमा कम आबद्ध हुने भएकाले पनि लैङ्गिक र घरेलु हिंसाजन्य घटना बढ्ने भएकाले आफ्नो खर्च आफैं जुटाउने बाटोमा सक्रिय बन्न आवश्यक रहेको बताउँछिन् । फजुल खर्च कम गर्ने, अप्ठेरा समस्या र जीवनमा समयको व्यवस्थापन गर्न सकियो भने हरेक व्यक्ति आत्मनिर्भर बन्न कसैले रोक्न नसक्ने उनको ठम्याइ छ ।

समाजमा फरक क्षमता भएका व्यक्तिलाई परिवार, समाज, संस्थामा व्यक्तिको अवस्था अनुसारको व्यवस्था मिलाइदिन सकेमा अपाङ्गता भएका व्यक्तिले पनि साङ्ग व्यक्तिसरह कार्यसम्पादन गर्न सक्ने आचार्य बताउँछिन् । अपाङ्गता भएकी आचार्य आत्मनिर्भर बनेर परिवारको आर्थिक स्रोत जुटाउने काम मात्र गरिनन्, समाजमा महिलालाई आर्थिक सशक्तीकरणमा सङ्गठित गर्ने अभियन्तासमेत हुन् । म्याग्दी सदरमुकाम बेनीमा महिलाहरूको मात्र लगानी र व्यवस्थापनमा सञ्चालन हुनेगरी दिदीबहिनी सहकारी स्थापना गर्न आचार्यले नेतृत्वदायी भूमिका खेलेकी थिइन् ।

सहकारीको अध्यक्ष हुँदा आचार्यले मुठीदान अभियान सञ्चालन गरेर गरीब, विपन्न र अशक्त व्यक्तिलाई सहकारीमार्फत सहयोग गर्ने परोपकारी अभियान सुरुआत गरेकी थिइन् । दिदीबहिनी सहकारीले अहिले पनि मुठीदान अभियानलाई निरन्तरता दिएको छ । अपाङ्गतालाई दयाको भावले हेर्नुभन्दा अवसर र भूमिकामा प्राथमिकता दिन सकेमा अपाङ्गता भएका व्यक्तिहरूले पनि साङ्गसरह नै काम गर्न सक्छन् भन्ने सन्देश आचार्यले दिएकी छन् । उनी अहिले महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि सामाजिक अभियन्ताका रूपमा सक्रिय छिन् । लामो समय गैरसरकारी संस्था र जीवन बीमा कम्पनीको जागीरे जीवनबाट विश्राम लिएकी आचार्य यतिबेला जन्मथलोमा अर्गानिक कृषि उत्पादन अभियानमा लागेकी छन् ।

standard chartered

**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको**
**धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य सिलबन्दी बोलपत्र आह्वान**
**सम्बन्धी १५(पन्ध्र) दिने सूचना**
**(प्रकाशित मिति २०८१/०८/१९, प्रतीक दैनिक)**

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तिय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा यो १५(पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति/फर्म/कम्पनी वा अन्य संगठित संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रीय कार्यालय ऋण असुली विभाग, तथा आदर्शनगर, वीरगंज, पर्सा स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सोही विभाग तथा शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति/फर्म/कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनामार्फत सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचनामार्फत जानकारी गराईन्छ । साथै, ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्रि सम्बन्धी प्रक्रिया तत्कालै रद्द गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

तपसिलमा उल्लिखित सम्पत्ति उपर बोलपत्र दाखिला गर्ने ईच्छुक व्यक्ति/फर्म/कम्पनी वा अन्य संगठित संस्थाले बोलपत्र दाखिला गर्दा रू. २,४०,००,०००।०० (अक्षरेपी दुई करोड चालिस लाख रूपैया मात्र) भन्दा कम रकमको बोलपत्र प्रस्ताव गरेमा सो बोलपत्र स्वतः रद्द/बदर भएको मानिनेछ ।

तपसिल

| सि.नं. | ऋणीहरू, धितो/धितो जमानतकर्ताहरू/व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र वतन | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १. | **ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं: ४०६६/०७२/०७३ कायम भै मिति २०७२/११/१७ मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. १३, स्थित फर्मको ठेगाना रहेको श्री जय महालक्ष्मी ट्रेडिङ्ग-१<br>**ऋणी:** प्रदेश २, उद्योग वाणिज्य तथा उपभोक्ता सरंक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया बारामा प्रा.फ.नं.घ.उ.वि. ७७७३/९२/०७६/७७, कायम भै मिति २०७६/५/१० मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, स्थित फर्मको ठेगाना रहेको श्री न्यु शितल खाद्य उद्योग-१<br>**ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया बारामा प्रा.फ.र.नं. ९९६१/०७७/७८, कायम भै मिति २०७७/८/२१ मा दर्ता भई बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, स्थित फर्मको ठेगाना रहेको श्री शितल किराना स्टोर्स-१<br>**प्रोप्राइटर/धितोजमानीकर्ता/व्यक्तिगत जमानीकर्ता:** भिखम साह तेलीकी बुहारी, अयोध्या लाल साहकी पत्नी, बारा जिल्ला लिपनीमाल वडा नं. ८, स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ७६ की श्रीमती मन्तुरीया साहुनी तेली (ना.प्र.नं. ५५२७०८६४ जारी मिति २०३३।०८।२५, जि.प्र.का. पर्सा)<br>**प्रोप्राइटर/व्यक्तिगत जमानीकर्ता:** राम चन्द्र साहकी छोरी, अयोध्या साह तेलीकी बुहारी, श्याम बाबु साह तेलीको पत्नी, बारा जिल्ला परवानिपुर वडा नं. ४, स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५२ की श्रीमती किरण देवी (ना.प्र.नं. ३३-०१-७५-०६२३९ जारी मिति २०७५।०७।०९, जि.प्र.का. बारा)<br>**व्यक्तिगत जमानीकर्ता/धितो जमानीकर्ता:** भिखम साह तेलीको नाती, अयोध्या साह तेलीको छोरा, बारा जिल्ला लिपनीमाल वडा नं. ८, मा स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५७ को श्री श्याम बाबु साह तेली (ना.प्र.नं. १७५३/०६७१ जारी मिति २०४५।०२।०१, जि.प्र.का. बारा) | घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| सि.नं. | जग्गाधनीको नाम | ठेगाना (जिल्ला/साविक. न.पा./गा.पा./क्षेत्र) | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-कु) /वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | श्री मन्तुरीया साहुनी तेली | बारा/वरेवा | ४ | ३५२ | ०-१-१२-८/५५०.२७ व.मि. |
| २. | श्री मन्तुरीया साहुनी तेली | बारा/वरेवा | ४ | १७० | ०-१-०-०/३३८.६३ व.मि. |
| ३. | श्री मन्तुरीया साहुनी तेली | बारा/वरेवा | ४ | २७४ | ०-०-७-८/ १२६.९९ व.मि. |
| ४. | श्री नरेश प्रसाद साह | बारा/भतौडा | २ | ७०५ | ०-०-३-२/५२.९१ व.मि. |

**लिलाम बिक्री सम्बन्धी शर्तहरू:**

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रीको सूचना बमोजिम बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू मिति २०८१/०९/०४ गते बिहीबारका दिन दिनको ठीक ०३.०० बजे बैंकको आदर्शनगर, वीरगंज, पर्सा स्थित शाखा कार्यालयमा खोलिने छ ।
२. बैंकलाई प्राप्त भएका गोप्य सिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।
३. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
४. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पूर्ण रकम बुझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पूर्ण रकम फिर्ता गर्न सकिनेछ ।
५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

# सङ्घीयतापछि सामुदायिक वन : बहुआयामिक उपयोग गर्नुपर्ने सुझाव

भीष्मराज ओझा/रासस

काठमाडौं, १८ मङ्सिर/रासस

नेपालको संविधान अनुसार सङ्घ, प्रदेश र स्थानीय तहका सरकार निर्माणपछि विभिन्न अधिकारसँगै प्राकृतिक स्रोतसम्बन्धी अधिकार पनि तीनै तहका सरकारमा फरकफरक ढङ्गले निहित भएको छ। अर्कोतिर सर्वसाधारणको जीवनशैलीमा आएको परिवर्तनले पनि वनमाथिको निर्भरतामा केही कमी आएको छ।

यस्तो अवस्थामा खासगरी नेपालको सामुदायिक वनको भविष्य के हुने र कता जाने भन्ने सन्दर्भमा विभिन्न बहस हुने गरेका छन्। सामुदायिक वनमा कतिपय प्रदेशले कर लगाएको गुनासो एकातिर छ भने अर्कोतिर सङ्घीयता संस्थागत र अधिकार क्षेत्रका बारेमा तीनै तहका सरकार स्पष्ट हुँदै गएपछि त्यस्तो अन्योल समाप्त भएर जाने विश्वास गरिएको छ।

वन वातावरण क्षेत्रका विज्ञहरू विश्वमैं प्रशंसा पाएको नेपालको सामुदायिक वनको बहुउपयोग गर्न सके सङ्घीयतापछि यसको भविष्य थप उज्ज्वल हुने धारणा व्यक्त गर्छन्। उनीहरू नेपालको संविधानमा उल्लेख गरिएका समाजवादप्रतिको प्रतिबद्धता र समुदायका अग्राधिकारका विषयले सामुदायिक वन अभियान आगामी दिनमा अझ फस्टाउने दाबी गर्छन्। संविधानका यी विषयले समुदायको उन्नति, प्रगति र समृद्धिलाई दिगो बनाउने उनीहरूको तर्क छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका अध्यक्ष ठाकुर भण्डारी नेपालको सामुदायिक वन कार्यक्रम विश्वमैं सफल रहेको उल्लेख गर्दै मुलुक सङ्घीयतामा प्रवेश गरेपछि यो अभियान थप मौलाएको बताउँछन्। "राज्यको पुनर्संरचनासँगै निर्माण भएका वन नीति २०७५ र वन ऐन २०७६ मा पनि पर्यापर्यटनको विकास गर्ने, कृषि वनलाई पनि प्रोत्साहन गर्ने, वन्यजन्तु व्यवस्थापन र वन उद्यम विकास गरी बजारीकरण गर्ने विषय समेटिएका छन्," उनी भन्छन्, "यी प्रावधानले वनको दिगो संरक्षणसँगै समुदायको समृद्धिका लागि थप अवसर प्रदान गर्नेछ। समुदायको समृद्धिले नै यो अभियान पनि दिगो हुनेछ भन्ने हाम्रो विश्वास छ।"

अध्यक्ष भण्डारी सङ्घीयताका प्रथम चरणमा तीन तहका सरकारबीच नै अधिकार बाँडफाँड र कार्यान्वयन अलमलमा देखिएको अवस्थामा सामुदायिक वनमा केही चुनौती देखिनुलाई सामान्यरूपमा लिनुपर्ने बताउँछन्। समयसँगै ती चुनौती पनि सहज हुँदै जाने उनको तर्क छ। खाद्य तथा कृषि सङ्गठन (एफएओ)को पछिल्लो तथ्याङ्क अनुसार पृथ्वीमा ३१ प्रतिशत मात्र वन क्षेत्र रहेको आँकडा छ र हरेक वर्ष एक करोड हेक्टर वन क्षेत्र विनाश भएको तथ्यले देखाउँछ। नेपाल भने आजभन्दा ३० वर्ष अघि ३९ प्रतिशत रहेको वन क्षेत्र हाल बढेर झन्डै ४६ प्रतिशत पुगेको छ। यसमा सामुदायिक वन अभियानको योगदान अतुलनीय रहेको छ।

सामुदायिक वनविज्ञ भोला खतिवडा नयाँ परिवेशमा सामुदायिक वन अभियानको दिगोपनका लागि वनलाई उत्पादन र रोजगारसँग जोड्नुपर्ने बताउँछन्। "यसका लागि चलायमान वन समूह र सक्रिय वन व्यवस्थापन तथा सामुदायिक वन उद्यम विकास आजको आवश्यकता हो," उनी भन्छन्। पूर्व डिभिजनल वन अधिकृत रामबाबू पौड्याल ग्रामीण क्षेत्रबाट हुने बसाइँसराइ, बढ्दो मानव–वन्यजन्तु द्वन्द्व, वातावरणीय पक्षको ख्याल नगरी निर्माण गरिने पूर्वाधार, अतिक्रमण, डढेलोलगायत सामुदायिक वनमा पछिल्लो समय देखिएका समस्या भएको बताउँछन्। यसको समाधानका लागि निजी क्षेत्रसँगको सहकार्यमा वन आधारित उद्यमको विकास गर्नुपर्ने र जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने उनको सुझाव छ। "यसबाहेक शहरी क्षेत्रका वरपर सामुदायिक वनमा आधारित पर्यापर्यटन प्रर्वद्धन गर्नुपर्छ। वन अतिक्रमण र डढेलोको दिगो नियन्त्रणको व्यवस्था गर्नुपर्छ। वन्यजन्तु क्षति राहत कार्यक्रम प्रभावकारी बनाउनुपर्छ," पूर्व डिभिजनल वन अधिकृत पौड्याल भन्छन्।



नेपालमा सामुदायिक वनको अभ्यास कानूनतः २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापनापछि शुरू भएपनि व्यवहारमा त्यस अघि २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पामा यो अभ्यास शुरू भएको थियो। सामुदायिक वन अध्ययन केन्द्रको २०८१ को तथ्याङ्क अनुसार नेपालको कुल वनमध्ये करीब ३७ प्रतिशत हिस्सालाई सामुदायिक वनको रूपमा २३ हजार २६ सामुदायिक वन उपभोक्ताका समूह ३१ लाख ९५ हजार ३२३ घरधुरीले संरक्षण र व्यवस्थापन गरिरहेका छन्। नेपालले विश्वमा चिनारी पाएका पहिचानमध्ये सामुदायिक वन पनि एक माध्यम हो। तर पछिल्लो समय मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहका सरकारले सामुदायिक वनमा लगाउने कर र स्थानीयको उपभोगमा आएको परिवर्तन तथा बसाइँसराइले केही चुनौती निम्त्याएको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनी प्रदेशकी अध्यक्ष कल्पना भण्डारी सामुदायिक वनका सम्बन्धमा पछिल्लो समय सरकारका दृष्टिकोणमा फरकपन आउँदा चुनौती थपिएको बताउँछिन्। उपभोक्ताले ३० वर्षसम्म संरक्षण गरेको वनबाट उत्पादन लिने बेला यस्तो चुनौती देखिएको उनको गुनासो छ। "सङ्घीयता ल्याउँदा हामी उपभोक्ताहरूले पनि ठूलो सङ्घर्ष गरेका थियौं। आन्दोलन सफल भएपछि घरघरमा सिंहदरबार पनि भनियो, तर सङ्घीयता आएपछि धेरै सहजता हुन्छ भन्ने आशा गरेका थियौं," अध्यक्ष भण्डारी भन्छिन्, "अहिले हामी तेहोरो करको मारमा परेका छौं। करबाट छुटकारा पाउन आन्दोलन गर्नुपरेको छ। हाम्रो प्रदेश (लुम्बिनी) सरकारले त बर्सेनि सामुदायिक वनबाट रु दुई अर्ब राजस्व कर उठाउने कार्ययोजना बनाएको छ। अहिले त आन्तरिक बिक्री वितरणको १० प्रतिशत पनि कर लाग्छ भनिएको छ।" सामुदायिक वनलाई कर शून्य बनाउन सके संरक्षण कार्यमा उपभोक्ताको आकर्षक बढ्ने उनको भनाइ छ। "स्थानीय सरकारमा आफूभित्रको वन क्षेत्र हो भनेर यसको आम्दानी आफैंले लिनुपर्छ भन्ने भनाइ छ। प्रदेश सरकार, सरकार चलाउन आर्थिक स्रोत चाहिन्छ भन्छ र आर्थिक सङ्कलन नभएपछि सरकार कसरी चलाउने भन्छ। सङ्घीय सरकारले त पहिलेदेखि नै २५ प्रतिशत कर लिने भनेको नै छ," उनी भन्छिन्।

करका सम्बन्धमा तीनै तहका कानून बाझिएको छ। साथै वनमा रहेका उमेर पुगेका, ढलापडा र सुकेका रूख सङ्कलन गरेर काठको उत्पादन बढाउन सके मात्र जनताको माग अनुसार काठ आपूर्ति गर्न सकिने उनको सुझाव छ। आपसमा बाझिएका कानूनबारेमा स्पष्ट नहुँदा उपभोक्ता मारमा परेका छन्। यी सबै विषय अधिकारको प्रयोगसँगै मिल्दै जाने र सङ्घीयतापछि सामुदायिक वन अभियानको भविष्य थप उज्ज्वल हुने अध्यक्ष भण्डारीको आशा छ।

**वनको दिगोपनका लागि बहुआयामिक उपयोगमा जोड**

वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक धनञ्जय लामिछाने सामुदायिक वनको व्यवस्थापनको हक सबै प्रदेशमा निहित रहेको उल्लेख गर्दै जग्गा भोगाधिकार, नीति नियम, निर्देशिका बनाउने काम मात्रै विभागले गर्ने गरेको बताउँछन्। "मुलुक सङ्घीयतामा गए पनि सामुदायिक वनका नीति नियम र प्रक्रियामा परिवर्तन आएको छैन। यो जिम्मेवारी पहिले सङ्घीय मन्त्रालय र विभागले हेर्थ्यो भने अहिले प्रदेश मन्त्रालयमा जिम्मेवारी गएको हो," उनी भन्छन्, "डिभिजनल वन कार्यालयहरू प्रदेश मातहत गएका छन्। यस अघिका सबै प्रणाली र विधि नै कायम छन्। प्रदेशले कार्ययोजना बनाउने, हस्तान्तरण गर्ने तथा संरक्षण व्यवस्थापन सदुपयोग गर्ने सबै गरिराखेकै छ।"

पछिल्लो समय पहाडी र हिमाली क्षेत्रमा केही सामुदायिक वनहरू निष्क्रिय देखिएका छन्। जनसङ्ख्याको बसाइँसराइ तथा आमजनताको जीवनशैलीमा परिवर्तन आएको छ। "घाँस दाउरा, स्याउला, सोत्तर ल्याउने, दाउरा बाल्ने, खाना पकाउने, कुँडो पकाउने विषयमा पनि परिवर्तन भएको छ। अब गाउँमा पनि ग्याँस बाल्न थाले। यसले वनको निर्भरता पनि घट्यो। वनप्रति चासो पनि कम भएको हो," उनी भन्छन्। वनको जति उद्यमशीलता रोजगार र बहुआयामिक उपयोग गर्नुपर्ने हो, त्यति हुन नसकेको उल्लेख गर्दै उपमहानिर्देशक लामिछाने यही कारणले अहिले पहाडमा सामुदायिक वन क्षेत्र ठूलो, जनसङ्ख्या कम र तराईमा जनसङ्ख्या धेरै, वनको मात्रा कमको अवस्था आएको बताउँछन्। उनी सामुदायिक वनको दिगोपनका लागि बहुआयामिक उपयोगमा जोड दिनुपर्ने

(बाँकी पाँचौं पातामा)




**सात वर्षदेखि भूक्षयः** मुस्ताङको थासाङ गाउँपालिका-५ झिप्रा-देउरालीमा विगत सात वर्षदेखि निरन्तररूपमा भूक्षय सँगसँगै धूलो उडिरहँदा बस्ती, कालीगण्डकी नदी किनार र घनावनजङ्गल नासिंदै। तस्बिरः सुशीलबाबू थकाली/रासस

## फरक समाचार

# तात्तातो चिया र कफीले स्वास्थ्य जोखिम बढ्ने

जाडोमा बिहान होस् वा साँझको समय तात्तातो चिया वा कफीविना अधूरो महसूस हुन्छ। तर यही बानीले तपाईंलाई स्वास्थ्यसम्बन्धी ठूलो जोखिममा पार्न सक्छ। साथीभाइ र परिवारसँग तातो चिया वा कफीको कप हातमा लिएर कुरा गर्नु हाम्रो दैनिकी भइसकेको छ। तर कसैले सोचेको छैन कि यही तातो चिया वा कफीले स्वास्थ्यसम्बन्धी कति ठूलो खतरा निम्त्याउन सक्छ? हालैका अध्ययनहरूले



देखाएका छन् कि अत्यधिक तातो चिया वा कफी पिउँदा क्यान्सरजस्ता गम्भीर रोगको जोखिम बढ्न सक्छ।

**तातो पेय र क्यान्सरको सम्बन्ध**

मुम्बईस्थित एचसिजी क्यान्सर सेन्टरकी हेड एन्ड नेक अन्कोसर्जन डा शिल्पी अग्रवालले भनिन् कि हालका अध्ययनहरूले बढी तातो चिया, कफीजस्ता पेय पदार्थ र ओरल तथा इसोफेजियल (घाँटी) क्यान्सरबीच चिन्ताजनक सम्बन्ध देखाएका छन्। अब जब हामी तात्तातो चिया वा कफीको कप हातमा लिन्छौं, यसले हाम्रो स्वास्थ्यलाई कति असर गर्छ भन्ने सोच्नु आवश्यक छ।

**इसोफेजियल क्यान्सरको जोखिम**

डा शिल्पीले भनिन् कि अत्यधिक तातो पेयले हाम्रो पाचन प्रणालीमा गम्भीर असर पार्न सक्छ। यस्तो पेयको उच्च तापक्रमले माथिल्लो पाचन प्रणालीमा हुने कोषहरूको विभाजन र मर्मत प्रक्रियालाई अवरुद्ध गर्न सक्छ। यसले इसोफाजाइटिस (घाँटी सुन्निने) र डिस्प्लेसिया (कोषहरूमा असामान्य परिवर्तन) जस्ता अवस्थाहरूलाई जन्म दिन सक्छ, जुन क्यान्सरका प्रारम्भिक सङ्केत हुन्।

त्यस्तै, अत्यधिक तातो पेय पदार्थको सेवनले इसोफेजियल क्यान्सरको जोखिम बढाउन सक्छ। खासगरी जब यो धूम्रपान, मदिरासेवन र खराब खानपानजस्ता अन्य जोखिमका कारकहरूसँग जोडिन्छ। तर यी खतराहरू नियन्त्रण गर्न सकिन्छ, यदि हामी हाम्रो पेय पदार्थको तापक्रमलाई नियन्त्रण गर्न सक्छौं भने।

**सावधानी अपनाउनुहोस्**

जाडोमा तातो पेय पदार्थको आनन्द लिनुमा कुनै खराबी छैन, तर यो सुनिश्चित गर्नुहोस् कि यसको तापक्रम त्यति धेरै नहोस्, जसले तपाईंको पाचन प्रणालीलाई हानि पुऱ्याओस्। चिकित्सकहरूको भनाइ छ कि उचित तापक्रममा पेय पदार्थको सेवनले न केवल स्वाद बढाउँछ, स्वास्थ्यलाई पनि सुरक्षित राख्छ।

# अन्तरिक्षमा १४ हजारभन्दा बढी सेटेलाइट

संयुक्त राष्ट्रसङ्घको अन्तरिक्ष एकाइले चेतावनी दिएको छ कि पृथ्वीको तल्लो कक्षमा १४,००० भन्दा बढी सेटेलाइट छन्। तीमध्ये करीब ३,५०० वटा सेटेलाइट निष्क्रिय अवस्थामा छन्। त्यसबाहेक बाहिरी अन्तरिक्षमा १२ करोडभन्दा बढी फोहोरका टुक्राहरू फैलिएका छन्।



रूस-युक्रेन युद्ध होस् वा मध्य एशियाको अशान्त क्षेत्र, संसार एक प्रकारले विश्वयुद्धको संघारमा बसेको छ। तेस्रो विश्वयुद्ध शुरू होस् या नहोस्, अन्तरिक्षबाट यस्तो खतरा बढ्दै छ, जसले पूरै विश्वलाई समेट्न सक्छ। यो खतरा हो, बाहिरी अन्तरिक्षमा रहेका सेटेलाइट र फोहोरका डुङ्गुर।

**अन्तरिक्ष उपयोग नहुने अवस्थामा जान सक्छ**

विशेषज्ञहरूका अनुसार जुन तीव्रताका साथ सेटेलाइटहरूको सङ्ख्या र अन्तरिक्षमा फोहोरको मात्रा बढ्दै छ, चाँडै नै पृथ्वीको तल्लो कक्ष प्रयोग गर्न योग्य रहँदैन। यो बाहिरी अन्तरिक्षको सबैभन्दा सुलभ क्षेत्रहरूमध्ये एक हो। स्पेस ट्राफिकसम्बन्धी संयुक्त राष्ट्रसङ्घको प्यानलले अक्टोबर २०२४ मा भनेको थियो कि अन्तरिक्षमा बढ्दो फोहोरहरूलाई ट्र्याक गर्न र व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय प्रणाली निर्माण गर्न तत्काल कदम चाल्न आवश्यक छ।

**खतरा अझै बढ्दैछ**

रायटर्सको रिपोर्ट अनुसार अन्तरिक्षमा बढ्दो ट्राफिक जामले खतरा धेरै गुणा बढाएको छ। अगस्तमा चिनियाँ रकेट विस्फोट हुँदा हजारौं टुक्रा अन्तरिक्षमा फैलियो। जूनमा रूसको एउटा निष्क्रिय सेटेलाइट विस्फोट हुँदा त्यसबाट पनि हजारौं टुक्रा फोहोर तल्लो कक्षमा फैलियो। यस घटनाका कारण अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा रहेका अन्तरिक्षयात्रीहरूलाई केही समयका लागि शरण लिनुपर्ने स्थिति आयो।

**अन्तरिक्षको सुरक्षा सुनिश्चित गर्नु अपरिहार्य**

स्पेस ट्राफिक समन्वयमा समय खर्च गर्नुको कुनै अर्थ छैन, तर अन्तरिक्षमा दुर्घटनाबाट जोगिन अन्तरिक्ष सुरक्षामा सहकार्य आवश्यक छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इयूले साइबर सुरक्षा बलियो बनाउन नयाँ कानून अपनाउने

ब्रसेल्स, १८ मङ्सिर/सिन्ह्वा

युरोपेली सङ्घ (इयू) काउन्सिलले साइबर खतराप्रति उद्धार बनी सदस्य राष्ट्रहरूबीच बलियो साइबर ऐक्यबद्धता प्रवर्द्धन गर्ने उद्देश्यले सोमवार दुईवटा नयाँ कानून पारित गरेको छ।

उक्त नयाँ कानूनहरू साइबर सुरक्षा विधायी प्याकेजको हिस्सा हो । यी उपायहरूले साइबर घटनाहरूविरुद्ध इयूको तयारी र प्रतिक्रिया क्षमताहरूलाई सुदृढ पार्ने लक्ष्य राख्छन्।

नयाँ नियमले राष्ट्रिय र सीमापार साइबर केन्द्रहरू मिलेर साइबर सुरक्षा चेतावनी प्रणाली स्थापना गर्ने प्रावधान पनि राखेको छ।

कानूनले साइबर खतरा पत्ता लगाउन, प्रतिरोध गर्न तथा कृत्रिम बुद्धिमत्ता र उन्नत डाटा विश्लेषण गर्न सघाउने अपेक्षा गरिएको छ भने स्वास्थ्य सेवा, यातायात र ऊर्जा जस्ता महत्त्वपूर्ण क्षेत्रमा परीक्षण क्षमतालाई पनि समर्थन गर्छ।

कानून निजी क्षेत्रबाट घटना प्रतिक्रिया सेवाहरू प्रदान गर्दै साइबर घटनामा इयू सदस्य राज्य वा संस्थाको अनुरोधमा प्रयोग गर्न सकिन्छ।

यसबाहेक आपत्कालीन प्रतिक्रिया प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्न घटना समीक्षा संयन्त्र स्थापना गरिनेछ।

कानून आगामी हप्तामा इयूको आधिकारिक जर्नलमा प्रकाशित हुनेछ भने प्रकाशनको २० दिनपछि लागू हुनेछ। रासस

## दक्षिण कोरियामा ३८ जना भियतनामी पर्यटक बेपत्ता

सियोल, १८ मङ्सिर/सिन्ह्वा

दक्षिण कोरियाको दक्षिणी रिसोर्ट टापु जेजुमा ३८ जना भियतनामी पर्यटक बेपत्ता भएको योन्हाप समाचार एजेन्सीले मङ्गलवार टापुको पर्यटन सङ्गठनलाई उद्धृत गर्दै जनाएको छ।

गत नोभेम्बर १४ मा चार्टर्ड भियेटजेट एयरको उडानबाट करीब ९० जना भियतनामी यात्रु टापुमा आइपुगेको स्रोतले जनाएको छ।

तिनीहरूमध्ये ३८ जना पर्यटक यही स्थानबाट सम्पर्कविहीन भएका तथा बाँकी यात्रुहरू सोही उडानमा फिर्ता भएका स्रोतले जनाएको छ।

ती विदेशी यात्रुहरूलाई विना भिसा ३० दिनसम्म उक्त टापुमा बस्न अनुमति दिइएको थियो । जस अनुसार ती भियतनामी पर्यटकहरू डिसेम्बर १४ पछि अवैध आप्रवासी हुनेछन्।

टापुस्थित अध्यागमन कार्यालयले बेपत्ता भियतनामीहरूको ठेगाना पत्ता लगाउन निगरानी गरिरहेको जनाएको छ। रासस

## युक्रेनलाई ७२ करोड ५० लाख डलर सहयोग

वाशिङ्टन, २८ मङ्सिर/क्युएनए

संयुक्त राज्य अमेरिकाले २०२२ फेब्रुअरी २४ देखि युक्रेनविरुद्ध चलिरहेको सैन्य अपरेशनको लागि ठूलो मात्रामा मिसाइलसहित ७२ करोड ५० लाख मिलियन डलरको अतिरिक्त सैन्य सहायता प्याकेज घोषणा गरेको छ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले एक विज्ञप्तिमार्फत राष्ट्रपति जो बाइडेनले रक्षा विभाग (पेन्टागन)लाई किभलाई आफ्नो क्षेत्रीय स्वतन्त्रता र स्वाधीनताको तत्काल रक्षा गर्न आवश्यक उपकरणहरू उपलब्ध गराउन निर्देशन दिएका छन्।

सुलिभानले आफ्नो कार्यकाल समाप्त हुनु अघि युक्रेनलाई सयौं, हजारौं तोप र थप मिसाइललगायत महत्त्वपूर्ण क्षमताहरू प्रदान गर्ने बाइडेन प्रशासनको अभिप्रायलाई पुष्टि गरेका छन्। पछिल्लो समयमा अमेरिकालाई युक्रेनको मुख्य सैन्य समर्थक मानिन्छ। रासस

## गाजामा ३४१ जना मानवतावादीको मृत्यु

न्युयोर्क, १८ मङ्सिर/क्युएनए

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए)ले इजरायली आक्रमण शुरू भएदेखि गाजामा ३४१ जनाका मृत्यु भएको जनाएको छ। आक्रमणले गाजापट्टीमा प्यालेस्टिनीहरू बारम्बार विस्थापित भइरहेका चेतावनीसमेत दिएको छ।

राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले प्रेस ब्रिफिङमा राहतकर्मीहरूले गाजामा अत्यावश्यक सहायता प्रदान गर्न जीवन जोखिममा पारी इजरायली आक्रमणले वर्ल्ड सेन्ट्रल किचनका तीनजना र सेभ दी चिल्ड्रेनका एकजना गरी चारजना मानवतावादी कामदारको ज्यान लिएको बताए।

गत वर्षको अक्टोबरदेखि मृत्यु भएका सहायताकर्मीहरूको सङ्ख्या बढेर ३४१ पुगेको बताउँदै उनले मानवीय साझेदारहरूले स्थानीय खाद्य प्रणाली सैन्यस्थल सञ्चालन, नागरिक क्षेत्रहरूमा आक्रमणले ध्वस्त पारेको उल्लेख गरेका छन्।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) लाई उद्धृत गर्दै डुजारिकले ५० दिनभन्दा बढी समयदेखि उत्तरी गाजाको बेइट लाहिया, बेइट हानुन र जबल्याका क्षेत्रमा कुनै सहायता नआएको तथा अपवादको रूपमा सोमवार डब्लुएफपीले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को नेतृत्वमा मानवीय मिसनको साथ २०० खाना पार्सलहरू बेइत लाहियाको कमल अदवान अस्पतालमा पठाउन सक्षम भएको बताएका छन्।

घेराबन्दीको कारण भयावह मानवीय अवस्थाको बीचमा, सन् २०२३ अक्टोबरदेखि गाजामा नरसंहार निरन्तर भइरहेको छ। रासस

## सामान्यभन्दा १.९७ डिग्री सेल्सियस तापक्रम बढी

टोकियो, १८ मङ्सिर/एएफपी

जापान मौसम एजेन्सीले १२६ वर्ष पहिले रेकर्ड शुरू गरेदेखि सबैभन्दा तातो शरद ऋतु यो वर्षको भएको जनाएको छ।






जापानी मौसम विज्ञान एजेन्सीले सोमवार आफ्नो वेबसाइटमा जापानमा यो वर्ष सामान्यभन्दा १.९७ डिग्री सेल्सियस तापक्रम बढी रहेको तथा यो सन् १८९८ पछिको सबैभन्दा धेरै तापक्रम रहेको उल्लेख गरेको छ।

सेप्टेम्बर र नोभेम्बरको बीचमा टोकियोमा सामान्यभन्दा २.४ डिग्री सेल्सियस, मध्य शहर नागोयामा २.९ र उत्तरी साप्पोरो शहरमा १.२ डिग्री बढी तापक्रम थियो।

जापानले यस वर्ष चरम गर्मी रेकर्ड गरेको छ, जुन वैज्ञानिकहरूले जलवायु परिवर्तनको कारणले भएको बताएका छन्। रासस







**सजाइएको बाबा जलेश्वरनाथ महादेवको मन्दिरः** सदरमुकाम जलेश्वर नगरपालिका वडा नं १ मा सजाइएको बाबा जलेश्वरनाथ महादेवको मन्दिर । विवाहपञ्चमीको अवसरमा भारतको अयोध्याबाट हिजो राति महोत्तरीको मटिहानी आइपुगेको भगवान् रामचन्द्रको जन्ती मङ्गलवार बिहान लावालस्करसहित बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा पूजाअर्चना गरेको छ । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

## नेप्से परिसूचक १७ दशमलव ८० अङ्कले बढ्यो

काठमाडौं, १८ मङ्सिर/रासस




नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १७ दशमलव ८० अङ्कले बढेर दुई हजार ७७५ दशमलव ८५ अङ्कमा पुगेको छ। आज विभिन्न ३०७ कम्पनीका एक करोड ८१ लाख ६० हजार ३४ हजार कित्ता शेयर रु आठ अर्ब ५२ करोड १२ लाख १९ हजार २९९ दशमलव ६७ मा कारोबार भएको नेप्सेले जनाएको छ।

आजको कारोबारमा उपसमूहतर्फ ट्रेडिङ पाँच दशमलव ९६ प्रतिशतले बढेको छ भने फाइनान्स, जलविद्युत्, जीवन बीमा, म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ र म्युचुअल फन्डमा पनि हरियाली देखिएको छ। साथै बाँकी उपसमूहमा रातो देखिएको छ।

दुईवटा कम्पनी दिव्यश्वरी जलविद्युत् लिमिटेड र इन्वा जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने खानीखोला जलविद्युत्, जोशी जलविद्युत् विकास कम्पनी र सुपर मादी जलविद्युत् कम्पनीको शेयर मूल्य समान नौ दशमलव ९९ प्रतिशतले बढेको छ।

त्यसैगरी, अपर स्याङ्गे जलविद्युत् लिमिटेडको नौ दशमलव ५१ प्रतिशत, जानकी फाइनान्स कम्पनी लिमिटेडको छ दशमलव १८ प्रतिशत, गुराँस लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य तीन दशमलव ४४ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

### प्रविधिले ...

खर्च महँगो भएकाले पनि जिल्लाका किसानले कृषि यन्त्रको प्रयोग बढाएका हुन्। यसबाट अन्न झार्ने तथा पराल भुस वा नल एकैपटकमा माडिने हुँदा समय, श्रम र पैसाको बचत हुने गरेको किसान स्वयम् बताउँछन्।

**धान उत्पादनमा वृद्धि हुने अनुमान**

यसैबीच, मधेस प्रदेशमा यस वर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ। मधेसका आठवटै जिल्लाबाट गत वर्षको तुलनामा यस वर्ष कुल दुई लाख पाँच हजार २५१ मेट्रिक टन बढी धान उत्पादन हुने मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन धान उत्पादन भएको थियो। उनले चालू आर्थिक वर्ष २०८१/८२ मा १५ लाख दुई हजार ४५८ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको जानकारी दिए।

गत वर्षभन्दा यस आवमा धान रोपाइँ बढी क्षेत्रफलमा भएको हुँदा उत्पादनमा समेत वृद्धि हुने बताइएको छ। कृषि प्रसार अधिकृत मेहताले गत वर्षको तुलनामा यस वर्ष पाँच हजार २६४ दशमलव पाँच हेक्टर क्षेत्रफल बढीमा धानबाली लगाएको जानकारी दिए। आव २०८०/८१ मा तीन लाख ७० हजार ३५० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको थियो भने चालू आवमा तीन लाख ७५ हजार ६१४ दशमलव पाँच हेक्टर क्षेत्रफलमा धान रोपिएको उनले जानकारी दिए।

धानबाली लगाएको क्षेत्रफल र उत्पादन हुने अनुमान गरिएको आधारमा यस वर्षमा शून्य दशमलव पाँच मेट्रिक टन प्रतिहेक्टर धान उत्पादनमा वृद्धि हुने देखिएको छ। गत वर्ष तीन दशमलव ५० मेट्रिक टन प्रतिहेक्टर धान उत्पादन भएको थियो भने यस वर्ष प्रतिहेक्टर चार मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ।

धानबाली रोपेको क्षेत्रफलको हिसाबले सबैभन्दा बढी सप्तरीमा ६५ हजार २८० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ भने यहाँ दुई लाख ६१ हजार १२० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ। त्यस्तै, सबैभन्दा कम रौतहटमा ३७ हजार ६२० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ। यहाँ रोपिएको धानबालीबाट एक लाख ५० हजार ४८० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ।

कृषि विकास निर्देशनालयका निर्देशक जीतेन्द्र यादवका अनुसार पर्सामा ४६ हजार १८७ हेक्टर, रौतहटमा ३७ हजार ६२० हेक्टर, सर्लाहीमा ४५ हजार ५४० हेक्टर, धनुषामा ४१ हजार ५६५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको छ। त्यसैगरी, महोत्तरीमा ४१ हजार ९४२ दशमलव पाँच हेक्टर, सिराहामा ५२ हजार ३८० हेक्टर, सप्तरीमा ६५ हजार २८० हेक्टर र बारामा ४५ हजार ९९ दशमलव छ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको छ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा तीन लाख ५४ हजार ३८३ हेक्टर क्षेत्रफलबाट १२ लाख ६३ हजार ९४१ मेट्रिक टन र आव २०७९/८० मा तीन लाख ८१ हजार ६१३ हेक्टरमा १४ लाख २२ हजार ४३६ मेट्रिक टन धान उत्पादन भएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख गरिएको छ। यस वर्ष खेती लगाउने बेलामा नै वर्षा भएकोले धान रोपाइँ पनि समयमैं भएको र त्यसपछि पनि बेलाबेलामा वर्षा भएकाले धान उत्पादनमा वृद्धि भएको उनले बताए।

### सङ्घीयतापछि ...

धारणा राख्छन्।

सङ्घीयता आइसकेपछि सामुदायिक वनको व्यवस्थापन र सञ्चालनमा तात्त्विक फरक नआएको बताउँदै उनी केही प्रदेशले आफूले लगाउन पाउने शुल्क कर लगाएको र यसबारेमा आवाज उठेपछि कुनै प्रदेशले कर छुट पनि गरेको उल्लेख गर्छन्।

त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्राडा राजेशकुमार राई वन व्यवस्थापनमा बदलिंदो सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनसँगै बदलिएको उपभोक्ताको आवश्यकतालाई ध्यान दिनुपर्ने बताउँछन्। "अबको सामुदायिक वनको संरचना ससाना वनका टुक्राको कार्ययोजनाभन्दा पनि जलाधार क्षेत्रस्तरीय वन व्यवस्थापन योजना बन्नुपर्छ," उनी भन्छन्, "यसबाट जलाधार क्षेत्रमा रहेका सामुदायिक वनको बैंकको स्थापना गर्नुपर्छ। वनको स्थिति र अवस्थिति हेरेर 'पारिस्थितिकीय वन'को अवधारणामा वनको व्यवस्थापन गर्नु आजको आवश्यकता हो।"

# सदस्यता सूचीमा विरोध जनाउँदै पर्सा शाखामा तालाबन्दी

प्रस, वीरगंज, १७ मङ्सिर/

नेपाल पत्रकार महासङ्घले यही




मङ्सिर २८ गते निर्वाचन गर्नेगरी मङ्गलवार पर्सा जिल्लाको सदस्यता सूची सार्वजनिक गरे लगत्तै सो निर्णयविरुद्ध शाखा कार्यालयमा तालाबन्दी गरिएको छ।

प्रेस चौतारी नेपाल, पर्साका अध्यक्ष तुलसी भण्डारी, नेपाल प्रेस मञ्चका अध्यक्ष वीरेन्द्र साह र मधेसी पत्रकार मञ्चका उपाध्यक्ष मनोज मिश्रले शाखा कार्यालयको मूलद्वारमा आज दिउँसो तालाबन्दी गरे । उनीहरूले लामो समयदेखि शाखा सदस्यताको विवाद रहेको र यस अवधिमा नेपाल पत्रकार महासङ्घले गत असोज १९ गते भक्तपुरमा जिल्ला र प्रदेशको राष्ट्रिय भेला गरेर शाखा र प्रदेशले सिफारिश गरेकाहरूको नवीकरण, सदस्यता लिने निर्णयविपरीत छ महीना अघिदेखिकै विवादित सदस्यता सूचीलाई मङ्गलवार केन्द्रीय कमिटीले पठाएको भन्दै सोमा आपत्ति जनाएर तालाबन्दी गरेका हुन्।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले जिल्ला र प्रदेशबाट सिफारिश गरिएकाहरूलाई सदस्यता प्रदान गर्ने राष्ट्रिय भेलाको म्यान्डेन्टविपरीत पुरानै विवादित सदस्यता सूची पठाएर केन्द्रले खेलबाड गर्न खोजेको आरोप लगाएका छन् । उनले केन्द्रीय कमिटीको चाहना चुनाव नहोस् नै रहेकोले सो सूची पठाएर विवाद बढाएको आरोप लगाए।

**पर्सा र सिराहाको हकमा राम्रो भएन–प्रदेश अध्यक्ष**

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले केन्द्रीय कमिटीले पछिल्लोपटक पठाएको सदस्यता सूचीमा पर्सा र सिराहाको हकमा अन्याय गरिएको बताएका छन्। उनले राष्ट्रिय भेलामा एकथरी निर्णय गर्ने र सदस्यता सूची अर्को पठाएर दोहोरो नीति अपनाएकोले सो कार्य सहन नहुने बताए।

**पत्रकार महासङ्घ लोकतान्त्रिक भएन–रौतहट अध्यक्ष झा**

नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले महासङ्घ लोकतान्त्रिक विधिबाट सञ्चालन नभएको आरोप लगाएका छन्। उनले आफ्नो शाखामा ५६ जना पुराना सदस्य रहेका र १७ जना नयाँ सदस्यको आवेदन परेकामा पुरानाबाट ११ जनाको नवीकरण नभएको र नयाँ सदस्य एकजनालाई पनि सदस्यता नदिने गरी सहमति गराइएकोमा आपत्ति जनाए । उनले रौतहटमा तोकिएको समयमा निर्वाचन हुने तर महासङ्घको चरित्र लोकतान्त्रिक नदेखेको गुनासो गरे।

## पत्रकार खड्काको निधन

प्रस, वीरगंज, १७ मङ्सिर/

पूर्वप्रतीककर्मी पत्रकार सरोज खड्काको सोमवार राति निधन भएको छ।



वीरगंज महानगरपालिका–११ मुर्लीस्थित निवासमा हिजो राति ११ बजे पत्रकार खड्काको मृत्यु भएको ज्वाइँ नीरज साहले बताए। ६२ वर्षीय खड्का विगत केही दिनदेखि अस्वस्थ थिए । उनको नारायणी अस्पताल वीरगंजमा ब्रेन ट्युमरको शल्यक्रिया भएको थियो भने त्यसपछि फोक्सोमा क्यान्सर देखिएको थियो। स्व खड्काका दुई छोरा र दुई छोरी छन् । उनको मङ्गलवार बिहान अशोकवाटिकास्थित श्मशानघाटमा अन्तिम संस्कार गरिएको छ।

**वीरगंजमा ...**

गरेको बताए।

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहले नारायणी अस्पताल वीरगंजमा एक हजार ४४३ जना एचआइभी सङ्क्रमितले एआरटी सेवा लिएको बताए। तीमध्ये ५३ जना बालबालिका रहेको उनले बताए । सुईद्वारा लागूऔषध प्रयोगकर्ता, यौनकर्मी र वैदेशिक रोजगारमा गएर घर फर्केकाहरूको स्वास्थ्य परीक्षण गर्दा उनीहरूमा एचआइभी सङ्क्रमण फेला पर्ने उनले बताए । उनले एचआइभी नियन्त्रणका लागि सबैभन्दा सरल माध्यम कन्डम भएको बताए। पछिल्ला समयमा कन्डमको प्रयोगविना यौनकर्मीहरू पनि तयार नहुने गरेकाले पनि पर्सा जिल्लामा कन्डमको माग बढेको देखिन्छ । यसका साथै अहिले पर्सा जिल्लामा विभिन्न जिल्लाहरूबाट यौनकर्मीहरू आएका र त्यसमा क्वेयर समुदायको सङ्ख्या बढी रहेको स्रोतले जनाएको छ । यिनीहरूको सम्पर्कको माध्यम सामाजिक सञ्जाल हुने गरेको बताइन्छ । क्वेयर समुदाय र यौनकर्मीहरूले अहिले सामाजिक सञ्जालमा छुट्टै समूह बनाएर ग्राहकसँग सम्पर्क स्थापित गर्दै आएका छन्।

विद्यार्थी जागरण मञ्चका कार्यक्रम संयोजक नीरज साहले वार्षिक ६० हजारको हाराहारीमा कन्डम आवश्यक हुने र सोअनुरूपको कन्डम स्वास्थ्य कार्यालय, पर्साले उपलब्ध गराउँदै आएको बताए।

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

> महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
> हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
> उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाइ वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




# खेलकूदको संसार

## यू–१९ एशिया कप : नेपालद्वारा अफगानिस्तान पराजित

काठमाडौं, १८ मङ्सिर/रासस

संयुक्त अरब इमिरेट्स (युएई)मा जारी १९ वर्षमुनिको एशिया कप क्रिकेट प्रतियोगिताको अन्तिम खेलमा नेपालले अफगानिस्तानलाई एक विकेटले पराजित गरेको छ।

दुबईको शारजाह क्रिकेट मैदानमा टस जितेर अफगानिस्तानले पहिला ब्याटिङ गर्दै ३५ दशमलव चार ओभरमा सबै




विकेट गुमाएर १२३ रन बनायो। १२४ रनको लक्ष्य नेपालले ४१ दशमलव तीन ओभरमा नौ विकेट गुमाएर पूरा गऱ्यो। नेपालका लागि नरेन साउदले सर्वाधिक २६, कप्तान हेमन्त धामीले २२, अर्जुन कुमालले २१, अभिषेक तिवारीले १३, आकाश त्रिपाठी र रोशन विश्वकर्माले समान नौ/नौ तथा सन्तोष यादवले सात रन बनाए। नेपालले १२ अतिरिक्त रन प्राप्त गऱ्यो।

बलिङतर्फ अफगानिस्तानका एएम गजानफर र खातिर स्टानिकजाईले तीन/तीन तथा अब्दुल अजिज र महबूब खानले एक/एक विकेट लिए।

यस अघि अफगानिस्तानका लागि १२३ रन बनाउने क्रममा फैसल खानले सर्वाधिक ५२ रन जोडे। उनले ६७ बलमा चार चौका र दुई छक्का प्रहार गरे। खातिर खानले २६ बलमा १५ रन जोडे। अल्लाह गजान्फरले ११ तथा नासिर खानले १० रन बनाए।

बलिङतर्फ नेपालका लागि युनिशविक्रम सिंह ठकुरी र सन्तोष यादवले तीन/तीन तथा हेमन्त धामी र अभिषेक तिवारीले दुई/दुई विकेट लिए।

यस अघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रन र दोस्रो खेलमा बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको थियो। अफगानिस्तान यस अघि पहिलो खेलमा बङ्गलादेशसँग ४५ रन र दोस्रो खेलमा श्रीलङ्कासँग १३१ रनले पराजित भएको थियो। दुवै टोली एशिया कपबाट बाहिरिएका छन्।

## सुदूरपश्चिम रोयल्स विजयी

काठमाडौं, १८ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सुदूरपश्चिम रोयल्सले विराटनगर किङ्सलाई पराजित गर्दै सुखद सुरुआत गरेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मङ्गलवार भएको पहिलो खेलमा सुदूरपश्चिमले विराटनगरलाई ९० रनले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो। विराटनगरले भने प्रतियोगितामा लगातार दोस्रो हार बेहोरेको छ। यस अघि भएको पहिलो खेलमा विराटनगर किङ्स जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो।

विराटनगरका लागि बसिर अहमदले २८ बल खेल्दै दुई चौकाको सहयोगमा २४ रन बनाए। नौ बल खेलेका राजेश पुलामीले एक चौकाको मदतमा १५ रन बनाए। अनिल खरेलले १० रन बनाउनेबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। त्यस्तै, क्रिस सोलले नौ रन जोड्दा कप्तान सन्दीप लामिछाने आठ रनमा आउट भए। त्यस्तै, इस्मत आलम छ रनमा तथा निकोलस कीर्तनले पाँच रन जोडे।

बलिङतर्फ सुदूरपश्चिमका अविनाश बोहोरा र स्कट कुगेलेइनले समान तीन/तीन विकेट लिए भने ब्रान्डन म्याकमुलन र सैफ अलि जैबले समान एक/एक विकेट लिए।

त्यस अघि दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १८२ रनको योगफल तयार गरेको थियो। टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमका कप्तान ऐरीले अविजित रहँदै २४ बलमा तीन चौका र पाँच छक्काको मदतमा ५७ रन बनाए।

त्यसैगरी, ब्रेन्डन म्यामुलेनले २६ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन जोडे। विनोद भण्डारीले २० बलमा चार चौकाको सहयोगमा २३ रन जोडे भने इशान पाण्डेले १६ बलमा दुई चौका र एक छक्काको सहयोगमा २१ रन बनाए। आरिफ शेखले पाँच बलमा दुई चौकाको सहयोगमा नौ रन जोडे। सेफ जेबले १५ बलमा एक छक्काको सहयोगमा १४ रन जोडे। विराटनगरका लागि अनिल खरेलले तीन विकेट लिए भने इस्मत आलम, बसिर अहमद र क्रिस सोलले समान एक/एक विकेट लिए।

नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा भएको नेपाल प्रिमियर लिग (एनपिएल)मा विभिन्न आठ टोली सहभागी छन्। जसमा काठमाडौं गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किङ्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन्।

## राष्ट्रिय बी बुद्धिचाल (चेस) प्रतियोगिता शुरू

भक्तपुर, १८ मङ्सिर/रासस

नेपाल बुद्धिचाल महासङ्घ र भक्तपुर जिल्ला बुद्धिचाल सङ्घको संयुक्त आयोजना एवं सूर्यविनायक नगरपालिकाको आर्थिक सहयोगमा मङ्गलवारदेखि भक्तपुरमा नेशनल बी चेस च्याम्पियनशिप प्रतियोगिता शुरू भएको छ।

प्रतियोगितामा ४० पुरुष र २० शीर्ष महिला खेलाडीको सहभागिता छ। प्रतियोगिताबाट छनोट हुने नौ पुरुष र नौ महिला खेलाडीले नेपाल च्याम्पियनका शीर्ष तीन खेलाडीसँग राष्ट्रिय च्याम्पियनका लागि प्रतिस्पर्धा गर्ने खेलकूद विकास समिति भक्तपुरका निवर्तमान अध्यक्ष दीपक थापाले जानकारी दिए।

आगामी माघको दोस्रो साता २५औं राष्ट्रिय र १०औं महिला राष्ट्रिय च्याम्पियन प्रतियोगिता हुनेछ। आजको महिलातर्फ पहिलो चरणको खेलमा ओलम्पियाड खेलाडी शान्ति धिमालले झापाकी पूनम प्रसाईंसँग एक अङ्क गुमाउँदै पराजित भइन्। आजको खेलमा प्रसाईंसँगै कीर्तिपुरका विनीता कपाली, पर्साका सुशीला गुरुङ, चितवनकी लक्ष्मी कँडेल, ईषा गिरी, नयुमा मगर र निहाना श्रेष्ठले एक/एक अङ्क जोडेका छन्।

पुरुषतर्फको चेस प्रतिस्पर्धामा मकवानपुरका पुरुषोत्तम सिलवाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, दोलखाका आशिष फुयाँल, बनेपाका राहुल चौ प्रधान, सुसन आचार्य, धीरेन राई, ललितपुरका सानुराज बज्राचार्य, रौतहटका एफएम रूपेश जैसवाल, झापाका प्रकाशचन्द्र नेपाल, हेटौंडाका सिएम मिलन लामाले खेल जितेर सुरुआती अङ्क जोड्न सफल भएका छन्। भक्तपुरका निकेन कुसाथा, ललितपुरका सुरोज महर्जन, काठमाडौंका सिएम नवीन तण्डुकार, प्रेमकृष्ण महर्जन, भक्तपुरका राजेश कक्षपति, ललितपुरका सानुभाइ महर्जन, विनय थापा र प्रशित खनालले जीत हात पार्दै संयुक्त अग्रस्थानमा उभिन सफल भएका छन्।

पाँच दिनसम्म चल्ने प्रतियोगितामा जम्मा नौ चरणको खेल हुने आयोजक नेपाल बुद्धिचाल महासङ्घका अध्यक्ष हीराकाजी महर्जनले जानकारी दिए।